घोडाघोडी नगरपालिका

फोन नं.०९१-४०३०३४

# नगर कार्यपालिकाको कार्यालय

सुदूरपश्चिम प्रदेश, नेपाल

## करार सेवामा कर्मचारी आवश्यकता सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/१२/११

यस घोडाघोडी नगरपालिकाको स्वास्थ्य तथा सामाजिक विकास शाखा अन्तर्गतको घोडाघोडी नगर अस्पताल घोडाघोडी नगरपालिका वडा नं. २ साडेपानीका लागि सेवा करारमा जनशक्ति पदपुर्ती गर्नु पर्ने भएकोले देहायका पदमा योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हानका लागि यो सुचना प्रकासन गरिएको छ ।

| क.सं. | विज्ञापन नं. | विज्ञापनको किसिम | पद | श्रेणी/तह | सेवा | समुह | उपसमुह | सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|
| १ | १/२०८०-८१ | करार (खुला) | मेडिकल अधिकृत | आठौं | स्वास्थ्य सेवा | चिकित्सा | - | २ जना |
| २ | २/२०८०-८१ | करार (खुला) | क्षयरोग मुक्त अभियान कार्यक्रम संयोजक | अधिकृत | स्वास्थ्य सेवा | पब्लिक हेल्थ | - | १ जना |
| ३ | ३/२०८०-८१ | करार (खुला) | रेडियो ग्राफर | पाचौं | स्वास्थ्य सेवा | रेडियो ग्राफी | - | १ जना |
| ४ | ४/२०८०-८१ | करार (खुला) | फार्मेसी सहायक | पाचौं | स्वास्थ्य सेवा | फार्मेसी | - | १ जना |
| ५ | ५/२०८०-८१ | करार (खुला) | ल्याव टेक्निसियन | पाचौं | स्वास्थ्य सेवा | मेडिकल ल्याव टेक्नोलोजी | - | १ जना |

**१. छनौटका आधारहरु :-** विज्ञापन नम्बर १/२०८०-८१ र २/२०८०-८१ को लागि छोटो सूची प्रकाशन र अन्तवार्ता । विज्ञापन नं. ३/२०८०-८१, ४/२०८०-८१ र ५/२०८०-८१ को लागि छोटो सूची प्रकाशन, लिखित परीक्षा र अर्न्तवार्ता हुनेछ ।

**२. दरखास्त दिने अन्तिम मिति :-** २०८०/१२/२५ गते सम्म ।

**३. उम्मेदवारको उमेर हद :-** विज्ञापन नम्बर १/२०८०-८१ र २/२०८०-८१ को हकमा विज्ञापन दिने अन्तिम मिति सम्म २१ वर्ष पुरा भई ४५ बर्ष ननाघेको हुनु पर्ने । विज्ञापन नं. ३/२०८०-८१, ४/२०८०-८१ र ५/२०८०-८१ को हकमा विज्ञापन दिने अन्तिम मिति सम्म १८ वर्ष पुरा भई ४० बर्ष ननाघेको हुनु पर्ने ।

खगेन्द्र बहादुर सिंह
नि. प्रमुख प्रशासकीय अधिकृत

४. न्युनतम् शैक्षिक योग्यता :-

- **मेडिकल अधिकृतको हकमा** : मान्यता प्राप्त शिक्षण संस्थाबाट (MBBS) चिकित्सा शास्त्रमा स्नातक तह उत्तिर्ण गरेको, मेडिकल काउन्सीलमा दर्ता भएको र कम्तीमा १ वर्षको कार्य अनुभव अनिवार्य हुनु पर्ने ।
- **क्षयरोग मुक्त अभियान कार्यक्रम संयोजकको हकमा** : मान्यता प्राप्त शिक्षण संस्थावाट (BPH) मा स्नातक तह उत्तिर्ण गरेको, सम्वन्धित काउन्सीलमा दर्ता भएको र कम्तीमा १ वर्षको कार्य अनुभव अनिवार्य हुनु पर्ने ।
- **रेडियो ग्राफरको हकमा** : मान्यता प्राप्त शिक्षण संस्थावाट रेडियो ग्राफर कोर्स उर्तीण गरेको, सम्वन्धित काउन्सीलमा दर्ता भएको र कम्तीमा १ वर्षको कार्य अनुभव अनिवार्य हुनु पर्ने ।
- **फार्मेसी सहायकको हकमा** : मान्यता प्राप्त शिक्षण संस्थावाट फार्मेसी कोर्स उर्तीण गरेको, सम्वन्धित काउन्सीलमा दर्ता भएको, औषधी व्यवस्था विभागवाट प्रदान गरिएको फार्मेसी लाइसेन्स भएको र कम्तीमा १ वर्षको कार्यअनुभव अनिवार्य हुनु पर्ने ।
- **ल्याव टेक्निसियनको हकमा** : मान्यता प्राप्त शिक्षण संस्थावाट ल्याव टेक्निसियन कोर्स उर्तीण गरेको, सम्वन्धित काउन्सीलमा दर्ता भएको र कम्तीमा १ वर्षको कार्यअनुभव अनिवार्य हुनु पर्ने ।

५. **तलब स्केल** :- नगरपालिकाको निर्णयानुसार ।

६. **पेश गर्नुपर्ने कागजातहरु** :-

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- न्युनतम् शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- नेपाल चिकित्सा परिषद्मा दर्ता गरेका प्रमाण पत्रको प्रमांणित प्रतिलिपि, नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता गरेका प्रमाण पत्रको प्रमाणित प्रतिलिपि । (नविकरण म्याद भित्रको)
- कार्यअनुभवको लागि नियुक्ति पत्रको प्रतिलिपि, सेवा अवधि प्रमाणित गरेको पत्रको प्रतिलिपि र तलव भत्ता भुक्तानी लिएको विवरण सम्वन्धी प्रमाणित कागजात ।
- पासपोर्ट साईजको २ प्रति फोटो ।

७. **आवेदन दस्तुर** :-

१. मेडिकल अधिकृतको लागि रु १५००।-,
२. क्षयरोग मुक्त अभियान कार्यक्रम संयोजकको लागि रु १०००।-,
३. रेडियो ग्राफरको लागि रु ५००।-
४. फार्मेसी सहायकको लागि रु ५००।-
५. ल्याव टेक्निसियनको लागि रु ५००।-

खगेन्द्र बहादुर सिंह
नि.प्रमुख प्रशासकीय अधिकृत

घोडाघोडी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सुखड, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
फोन नं.०९१-४०३०६४

८. छनोटका आधारहरु :-
दरखास्त पेश गर्ने अन्तिम दिन सम्म पेश भएका विज्ञापनहरुको छनोट तपशिल वमोजिमको छोटो सूची प्रकाशन विधिका आधारमा लिखित तथा मौखिक परिक्षाको सूचि तयार गरिनेछ ।
१. शैक्षिक योग्यता वापत- ६० अंक (विशिष्ट श्रेणी वापत ६०, प्रथम श्रेणी वापत ५५, द्वितीय श्रेणी वापत ५०, तृतीय श्रेणी वापत ४५)
२. कार्यअनुभव वापत- १० अंक (प्रतिवर्ष २ अंकका दरले)
३. स्थानीय बासिन्दा लाई देहाय बमोजिम अंक प्रदान गरिनेछ :
   क. सम्बन्धीत नगरपालिकाको बासिन्दा भए- १० अंक
   ख. सम्बन्धीत जिल्लाको बासिन्दा भए- ७ अंक
   ग. सम्बन्धीत प्रदेशको बासिन्दा भए- ५ अंक
   घ. अन्य प्रदेशको बासिन्दा भए- ३ अंक

९. लिखित तथा मौखिक परिक्षा :
लिखित तथा मौखिक परिक्षाको मिति छोटो सूचि प्रकाशन भई सकेपछि तय गरिनेछ ।

(नोट : दरखास्त फाराम घोडाघोडी नगरपालिकाबाट प्राप्त गर्न सकिनेछ वा नगरपालिकाको वेवसाइटबाट डाउनलोड गर्न सकिनेछ । )

खगेन्द्र बहादुर सिंह
नि. प्रमुख प्रशासकीय अधिकृत